**Lang. Code : 13**

इस पुस्तिका में **20** पृष्ठ हैं ।

This booklet contains **20** pages.

# AAT-20-II

**प्रश्न-पत्र II / PAPER II**

**नेपाली भाषा परिशिष्ट**

**Nepali Language Supplement**

**भाग IV & V / PART IV & V**

**परीक्षा पुस्तिका संकेत**

**Test Booklet Code**

**M**

**परीक्षा पुस्तिका संख्या**

**Test Booklet No.**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**

**Do not open this Test Booklet until you are asked to do so.**

**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 19 व 20) पर दिए निर्देशों को ध्यान से पढ़ें ।**

**Read carefully the Instructions on the Back Cover (Page 19 & 20) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें । / For instructions in Nepali see Page 2 of this Booklet.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I एवं भाग II या III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **संकेत** है **M** । यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ**-2 एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है । अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा-II (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं । **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे है वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए ।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page / marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **M**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language-II (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part -V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ____________________

Name of the Candidate (in Capitals) :

अनुक्रमांक : (अंकों में) ____________________

Roll Number : in figures

: (शब्दों में) ____________________

: in words

परीक्षा केन्द्र (बड़े अक्षरों में) : ____________________

Centre of Examination (in Capitals) :

परीक्षार्थी के हस्ताक्षर : ____________________ निरीक्षक के हस्ताक्षर : ____________________

Candidate's Signature : Invigilator's Signature :

Facsimile signature stamp of

Centre Superintendent ____________________

**M**

**Lang. Code : 13**

# AAT-20-II

**परीक्षा पुस्तिका संङ्केत**

**M**

यस पुस्तिकामा 20 पृष्ठ छन् ।

**प्रश्नपत्र II**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 19 व 20) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I व भाग II **या** III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाई अलग्गै माग्न सक्नुहुने छ ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यो भाषा पुस्तिकाको **सङ्केत M** हो । के सुनिश्चित गर्नुहोस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ ।
6. यो पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा 60 वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन् ।
   भाग IV : भाषा - I (नेपाली) *(प्र. 91 बाट प्र. 120)*
   भाग V : भाषा - II (नेपाली) *(प्र. 121 बाट प्र. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिइएका छन् । **यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् जुन तपाईंको आवेदनपत्रमा अङ्कित थियो ।**
8. **परीक्षार्थीले भाग V (भाषा II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ______________________________

अनुक्रमाङ्क : अङ्कमा ______________________________

: शब्दमा ______________________________

परीक्षा केन्द्र : ______________________________

परीक्षार्थीको हस्ताक्षर : ________________ निरीक्षकको हस्ताक्षर : ________________

Facsimile signature stamp of
Centre Superintendent ______________________________

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-IV** (**प्रश्न** 91-120) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-IV** (**Q.No. 91-120**), if they have opted **NEPALI** as **LANGUAGE-I** only.

## भाग – IV
## भाषा – I
## नेपाली

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-IV (**प्रश्न** 91-120) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 91-99) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।**

गम्भीर, अमूर्त, गहन–अनुभूतिगम्य विषयमाथि गरिएका विचारलाई वैयक्तिकता वा आत्मपरकताको रङमा रङाएर प्रस्तुत गरिएको निबन्ध नै विचारात्मक निबन्ध हो । यसका निम्ति दर्शन, विज्ञान, कला, जीवन रहस्य, समाज, धर्म, शास्त्र, मान्यता, कुनै सिद्धान्त वा वाद विशेष, मानवीय प्रवृत्ति आदिको आलोचना, समर्थन, खण्डन वा यो बारे चिन्तन नै प्रमुख विषय हुन्छन् । यस्ता निबन्धमा चिन्तनको प्राधान्य रहने हुनाले यिनलाई चिन्तनप्रधान निबन्ध पनि भन्ने चलन छ । यस्ता निबन्धमा बुद्धि पक्षको प्रबलता र विश्लेषणात्मक पद्धतिको प्रयोग हुन्छ । लेखकले साधारणतः विषयको पक्ष र प्रतिपक्षको उद्घाटन गरे पछि आफ्ना तर्क–वितर्क पेस गर्दछ अनि तीमाथि आफ्नो लेखकीय निष्कर्ष प्रदान गर्दछ । लेखकले आफ्नो निष्कर्ष निबन्धको सुरुमा, माझमा वा अन्त्यमा कुनै एक ठाउँमा दिएको हुन सक्छ, अथवा कुनै एक ठाउँमा सूत्र रूपले निष्कर्ष दिनको साटो प्रच्छन्न रूपमा निबन्धभरि छरिदिएको पनि हुन सक्छ । यस्ता निबन्ध प्रायः छोटा आकारका हुन्छन् र वैयक्तिकताको छाप झिकिदिने हो भने यी प्रबन्ध बन्न पुग्छन् । आशा, निराशा, करुणा, प्रेम, स्नेह, घृणा, रिस, हर्ष, अमर्ष आदि मानवीय भाव र आवेगहरूको स्वच्छन्द र कलात्मक अभिव्यक्ति भने भावात्मक निबन्धमा हुन्छ । यस्ता निबन्धमा संवेदनशीलता, भावको प्रबलता, रागात्मकता, कवितात्मकता र चित्ताकर्षकता जस्ता गुण विशेष रूपमा पाइन्छन् । सामान्यतः भावात्मक निबन्ध जुनसुकै र जस्तोसुकै विषयमा पनि लेखिन सक्छ ।

**91. तलका मध्ये विचारात्मक निबन्धको एउटा विशेषता कुन हो ?**

(1) यस्ता निबन्धमा भावको प्रबलता तथा संवेदनशीलता जस्ता गुण पाइन्छन्

(2) यस्ता निबन्धको भाषा साधारण भन्दा साधारण पाठकले बुझ्ने हुन्छ

(3) यस्ता निबन्ध आकारमा प्रायः लामा हुँदैनन् ।

(4) मानवीय भावावेगको अभिव्यक्ति यस्ता निबन्धमा हुने गर्छ ।

**92. भावात्मक निबन्धका निम्ति तलको कुन कुरा अधिक उपयुक्त छ ?**

(1) गम्भीर विषयको प्रतिपादन

(2) कुनै विषयगत सीमा नहुनु

(3) मानवीय संवेग–आवेगको प्रत्याहार

(4) दर्शन–चिन्तनपरक विषय वस्तु

**93. संवेदनशीलता, रागात्मकता, कवितात्मकता – यी शब्दहरू कुन वर्गमा पर्दछन् ?**

(1) संज्ञा

(2) विशेषण

(3) क्रिया विशेषण

(4) विस्मयादिबोधक

**94. विचारात्मक निबन्धका लेखकले आफ्नो विचार तथा निष्कर्ष कहाँ, कसरी गरेको हुन्छ ?**

(1) निबन्धको, सुरु, मध्य र अन्त्यमा

(2) निबन्धभरि जतातत‍ै अव्यवस्थित पारेर

(3) आवश्यकताअनुसार सुरु, मध्य, अन्त्य तथा निबन्धभरि कतै पनि

(4) प्रथमतः सुरुमा अनि क्रमशः मध्य र अन्त्यमा दोहोऱ्याउँदै

**95. 'वैयक्तिकता' शब्दको निर्माण कसरी भएको छ ?**

(1) स्वर सन्धि भएर

(2) उपसर्ग प्रक्रियाद्वारा

(3) विसर्ग सन्धि भएर

(4) परसर्ग प्रक्रियाद्वारा

**96. 'उद्घाटन गर्नु' भन्नाले के बुझिन्छ ?**

(1) कुनै कामको थालनी हुनु

(2) नजिकमा राख्नु

(3) तर्कका निम्ति प्रस्तुत हुनु

(4) कुनै कुरा उघारेर, खोलेर देखाउनु

**97. 'निबन्ध' र 'प्रबन्ध' माझको समानता के हो ?**

(1) दुवै एउटै किसिमका लेख वा रचना हुन्

(2) दुवै शब्दको स्रोत भाषा एउटै हो

(3) दुवै शब्द विशेषण वर्गका हुन्

(4) दुवै शब्दले साहित्यिक विधा विशेष बुझाउँदैनन् ।

**98. निबन्ध हुनाको कुन वैशिष्ट्यका कारणले विचारात्मक निबन्ध प्रबन्धबाट भिन्न भई निबन्ध हुन्छ ?**

(1) वैयक्तिकता

(2) वस्तुपरकता

(3) चिन्तनप्रधानता

(4) बुद्धि पक्षको प्रबलता

**99. विचारात्मक निबन्धलाई किन चिन्तनप्रधान निबन्ध पनि भनिएको हो ?**

(1) जीवन जगत्प्रतिको चिन्ता यसमा व्यक्त हुने भएकाले

(2) यसमा ज्ञान–दर्शनका कुरा प्रस्तुत हुने हुनाले

(3) विश्लेषणात्मक पद्धति यसको प्रमुख वैशिष्ट्य हुनाले

(4) लेखकको विचार तथा तार्किकता यसमा प्रस्तुत हुने हुनाले

**निर्देश : दिइएको कविता पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 100-105) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।**

नानी व्यर्थ नफाल काल कहिले टिक् टिक् गरी भन्छ त्यो
होला दुःख पछी बिचार्नु मनमा राखे सधैँ होश यो ।
बेला जो बितिगो, गयो बगि कुनै फर्केर आउन्न है
घण्टामा दुइ पल्ट दिन्छ सूचना टङ् टङ् गरी चङ्ख भै ।
साना चीज भनी नगर्नु कहिले हेला ठुलो जो उही
सेकेण्डै मिली बन्छन् मिनट औ घण्टा मिनीटै मिली ।
एकै बिन्दु गरी परेर जलले बाढी धरी ल्याउँछ
एकै शब्द गरी पढे दिनदिनै विद्वान भै आउँछ ।
खुट्टा सानु छ हिंड्छ टिक् टिक् गरी बस्तैन कैले पनि
अर्काको गफ सुन्नु छैन अवसर कर्तव्यको बन्धनी ।

**100. अभिव्यक्त भाव अनुसार प्रस्तुत कविता कुन किसिमको छ ?**

(1) स्तुतिपरक

(2) आह्वानपरक

(3) नैतिक–धार्मिक दृष्टान्तमूलक

(4) सांस्कृतिक सचेततामूलक

**101. सेकेन्ड, मिनट, जलबिन्दु, एक एकवटा शब्दको उल्लेखले कस्ता कुराको महत्त्व खुलाउन खोजिएको छ ?**

(1) प्राकृतिक वस्तु आदिको

(2) समय र गर्नु पर्ने काम विशेषको

(3) साना ठुला माझका भेदको

(4) साना साना एकाइको

**102. घडीले मानिसलाई कस्तो भइरहनु पर्छ भनी सिकाउँछ ?**

(1) निरन्तर गतिशील

(2) शान्त र स्थितिशील

(3) अरूका कुरा सुनिरहनु

(4) दिनमा एक शब्द मात्र पढ्नु

**103. नामधातुमा प्रत्यय लागी बनेको शब्द तलका मध्ये कुन हो ?**

(1) नगर्नु

(2) बिचार्नु

(3) ल्याउँछ

(4) आउन्न

**104. कवितामा प्रयुक्त 'होश' शब्द फेरिदिनु परे अर्थमा विघ्न नआउने गरी तलको कुन शब्द राख्न सकिन्छ ?**

(1) जोस

(2) आँट

(3) चेत

(4) धैर्य

**105. बेला बित्दैछ, समय खेर नफाल भनी घडीले कसरी सूचना दिन्छ ?**

(1) टिक् टिक् आवाज निकालेर

(2) टङ् टङ् आवाज निकालेर

(3) टिक् टिक् अनि टङ् टङ् आवाज निकालेर

(4) एक एक शब्द गरी पढ्नु भनेर

**निर्देश : उपयुक्त विकल्पको चयन गरी तल भएका प्रश्नहरूको उत्तर दिनु होस् ।**

**106. प्रत्येक भाषाको आफ्नै व्याकरण हुन्छ जो**

(1) नियमद्वारा निर्धारित हुन्छ

(2) राज्यद्वारा निर्धारित हुन्छ

(3) केन्द्रद्वारा निर्धारित हुन्छ

(4) लिपिद्वारा निर्धारित हुन्छ

**107. त्रय भाषा सूत्र अनुसार तेस्रो भाषा कुन हो ?**

(1) देशभरि एउटै

(2) संस्कृत मात्र

(3) हिन्दी बोलिने अनि हिन्दी नबोलिने राज्यहरूमा भिन्न

(4) कुनै विदेशी भाषा मात्र

**108. शिक्षक कक्षामा "बेटी बचाओ अनि बेटी पढाओ" बारे एउटा पोस्टर ल्याउँछिन् अनि त्यसलाई भित्तामा टाँस्छिन् । उनी विद्यार्थीहरूलाई त्यसलाई ध्यानपूर्वक हेर्न अनि त्यसबारे एउटा छोटो अनुच्छेद लेख्न लगाउँछिन् । यहाँ भाषा शिक्षकले प्रयोग गरेको पोस्टर हो ________**

(1) प्रामाणिक सामग्री

(2) सङ्घटित सामग्री

(3) वैध सामग्री

(4) त्याज्य सामग्री

**109. धाराप्रवाहिता भन्नाले बुझिन्छ –**

(1) त्रुटिरहित लेखन

(2) स्पष्टसँग व्याकरणका नियमहरूको व्याख्या अनि प्रयोग गर्नु

(3) वाक्यहरूको सही उच्चारण गर्नु

(4) चित्तबुझ्दो शैलीमा आफ्नो अभिव्यक्ति दिन बोल्नु, पढ्नु अनि लेख्नु

**110. पठनको ऊर्ध्वगामी (बटम–अप) पद्धति केमा केन्द्रित रहन्छ ?**

(क) ध्वनि

(ख) अक्षर

(ग) वाक्य

(घ) शब्द

(ङ) वर्ण

(1) क, घ, ङ, ख, ग

(2) क, ख, ग, घ, ङ

(3) क, ङ, ख, घ, ग

(4) ख, ग, क, ङ, घ

**111. निम्नलिखित मध्ये कुन चाहिँ भाषा अधिग्रहणको 'सामाजिक अन्तरक्रिया' सिद्धान्तको मान्यतामा आधारित छ ?**

(1) भाषा सिकारु अलि कठिन स्तरको बोधगम्य निवेशप्रति उद्घाटित हुनु आवश्यक छ

(2) पाठ्यक्रम इतर भाषामा केन्द्रित रहे भाषा सिक्न सकिन्छ

(3) अनुकरण अनि सुदृढीकरणको अवसर पाएमा भाषा सिक्न सकिन्छ

(4) भाषा सिकारुहरूले अरूसित अर्थबारे चर्चा अनि छलफल गर्ने अवसर पाउनु पर्छ

**112. एउटा उपकौशलका रूपमा पूर्वानुमान के–सित सम्बन्धित छ ?**

(1) मसौदा तयारी

(2) सार लेखन

(3) नोट बनाउनु

(4) पढ्नु

**113. राम्रो रोजगारको अवसर पाउनका लागि विद्यार्थीहरू कुनै भाषा सिक्छन् भने भाषा सिक्ने उनीहरूको प्रेरणा कस्तो हो ?**

(1) अन्तर्निहित

(2) वाह्य

(3) रोजगार केन्द्रित

(4) अहम् केन्द्रित

**114. विद्यार्थीहरूलाई कुन कुराको अवसर दिनु एउटा प्रभावशाली भाषा–कक्षाको अत्यन्त महत्त्वपूर्ण पक्ष हो ?**

(1) मूल्याङ्कन

(2) अनुकरण

(3) अन्तरक्रिया

(4) भुलहरू कम्ती गर्नु

**115. एउटा समावेशी कक्षामा पढाउँदा भाषा शिक्षकले के गर्नु पर्छ ?**

(1) प्रतिभाशाली विद्यार्थीहरूलाई कमजोर विद्यार्थीहरूको ख्याल राख्न लाउनु पर्छ

(2) भिन्न भिन्न शिक्षण शैलीको प्रयोग गरी सिकाइका प्रक्रियामा उनीहरूलाई सहयोग गर्नु पर्छ

(3) उनीहरूसित व्यवहार गर्न विशेष अधिक्षकका लागि प्राचार्यलाई सिफारिस गर्नु पर्छ

(4) उनीहरूले स्कुलमा छ घन्टाको समय शान्तिसित बिताऊन् भन्ने कुरा सुनिश्चित गर्नु पर्छ

**116. भाषिक प्रवीणताका लागि निम्नलिखित मध्ये कुन चाहिँ उपादान सर्वाधिक महत्त्वपूर्ण छ ?**

(1) शुद्ध उच्चारणका साथ पढ्नु

(2) पाठ्य पुस्तकको कुनै अध्यायको अन्त्यमा दिइएको पाठबारे अभ्यास कार्य गर्नु

(3) शुद्धता अनि धाराप्रवाहिताको विकास गर्नु

(4) कम मूल्यको वा सित्थैमा पाइने शिक्षण सामग्रीको प्रयोग गर्नु

**117. एकजना प्रभावशाली भाषा शिक्षकले के गर्छन् ?**

(1) शिक्षकको बोल्ने समय वृद्धि गर्छन्

(2) विद्यार्थीको बोल्ने समय वृद्धि गर्छन्

(3) विद्यार्थीहरूको बोल्ने समय कम गर्छन्

(4) सामूहिक अनि युगल कार्य कम गर्छन्

**118. मुद्रण–समृद्ध परिवेश ________ अनि ________ सिकाइको एउटा अभिन्न भाग हो ।**

(1) स्कुल, कक्षा

(2) पठन, स्व

(3) साक्षरता, भाषा

(4) स्व, समकक्षी

**119. संसाधनका रूपमा बहुभाषिकता भन्नाले के बुझिन्छ ?**

(1) धेरै भाषाहरू सिक्नु

(2) नानीको भाषामा प्रत्येक शब्दका समानार्थी दिनु

(3) पाठ्यक्रमको सीमा नाघेर भाषा सिकाउनु

(4) सिकारुको भाषालाई नीतिका रूपमा प्रयोग गर्नु

**120. तपाईँको कक्षामा एकजना दृष्टि अशक्त विद्यार्थी अङ्कित छन् । एकजना भाषा शिक्षकका रूपमा तपाईँ के गर्नु हुन्छ ?**

(1) अभ्यासका लागि भिन्न–भिन्न प्रकारका कार्य पाताहरूबारे ध्यान दिनु

(2) आफ्नो शिक्षणमा भिन्न भिन्न प्रकारका दृश्यात्मक प्रस्तुतिको प्रयोग

(3) भिन्न भिन्न प्रकारका हाउ भाउ र शारीरिक भाषाको प्रयोग

(4) अनुतान र विरामको प्रयोग गरी स्पष्ट बोल्नु अनु स्पर्शद्वारा अनुभव हुने सामग्री समावेश गर्नु

परीक्षार्थीहरूले **भाषा**-II का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-V** (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-V** (**Q.No. 121-150**), if they have opted **NEPALI** as **LANGUAGE - II** only.

# भाग – V

## भाषा – II

## नेपाली

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-V (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 121-128) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।**

व्यङ्ग्यको उद्‌गमको मूलमा अभावको अनुभूति रहेको हुन्छ भने यसको लक्ष्यमा सुधारको चेतले विशेष ठाउँ ओगटेको हुन्छ । यिनै दुईवटा कुराको प्रेरणाद्वारा, सामान्यतया निबन्धकारले निबन्ध लेख्तछ् । फलस्वरूप निबन्धको सुर केही मात्रामा व्यङ्ग्यात्मक बनेको हुन्छ । देवकोटाका शब्दमा भन्ने हो निबन्ध "एक किसिमको धूर्त बदमास ठिटो हो – जो सडकमा हिँड्दा कहिले कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्दछ, तर घोरिँदैन – पाठघोकुवा, 'हलन्ते' को मिजाजले ।" व्यङ्ग्यको तितोपनालाई छोप्नका निम्ति मात्र होइन आफ्नो सम्पूर्ण कथ्यलाई नै रोचक तुल्याउनका निम्ति पनि निबन्धकार आह्लादकारी र रोचक उपाख्यानहरूको प्रयोग गर्दछ । गम्भीर जटिल दार्शनिक कथ्यलाई पनि ऊ सहज, मनोरञ्जक र रसिकतापूर्ण ढङ्गमा प्रस्तुत गर्दछ । निबन्धकारको उद्देश्य पाठकलाई कोरा नीति–उपदेश दिनु होइन, तर निबन्धमा नीति र उपदेश प्रच्छन्न र परोक्ष रूपमा रहेका हुन्छन् । त्यस्ता नीति–उपदेशात्मक कथनलाई मनोरञ्जक र रसिला उक्ति र दृष्टान्तहरूले लालित्यपूर्ण र सरल तुल्याइदिन्छन् । सङ्क्षेपमा, व्यङ्ग्य र रसिकताले निबन्धलाई सजीव, हृदयस्पर्शी र रोचक तुल्याइदिन्छन् । अवश्य त्यस्तो व्यङ्ग्यले 'कसैप्रति होइन केहीप्रति' ताकेको हुनु पर्दछ ।

**121. अनुच्छेद अनुसार व्यङ्ग्यको सिर्जनाका पछाडि कुन कुरा प्रभावकारी रहन्छन् ?**

(1) हास्यपूर्ण कथ्य र शैलीमा तिक्खरपना

(2) अभावको अनुभूति र सुधारको चेतना

(3) आवश्यकता बोध र विसङ्गति

(4) प्रेरणाप्रद प्रसङ्ग र सरल वर्णनात्मकता

**122. अनुच्छेदमा व्यक्त भाव तथा विचारअनुसार तलको कुन कथन सही हो ?**

(1) निबन्धले उपदेश प्रदान गर्दैन

(2) निबन्धको मुख्य उद्देश्य नै उपदेशात्मकता हो

(3) निबन्धले सरल र रसिकतापूर्ण ढङ्गमा प्रस्तुति दिनु हुन्न

(4) निबन्धमा उपदेशका कुरा परोक्ष रूपमा हुन्छन्

**123. 'मनोरञ्जक र'लालित्यपूर्ण' कुन किसिमका शब्द हुन् ?**

(1) गुणवाचक विशेषण

(2) भाववाचक संज्ञा

(3) परिमाणवाचक विशेषण

(4) जातिवाचक संज्ञा

**124. देवकोटाको विचारमा निबन्ध कस्तो हुनु पर्छ ?**

(1) गम्भीर र चिन्तनप्रधान हुनु पर्छ

(2) गम्भीर र एकोहोरो हुनु हुँदैन

(3) काव्यात्मक शैलीमा रचित हुनु पर्छ

(4) जतासुकै ढुङ्गा हान्ने ठिटो जस्तो हुनु पर्छ

**125. व्यङ्ग्यले लक्ष्य गरेको कुरा के कस्तो हुनु पर्छ ?**

(1) व्यक्तिका असल कार्यको उद्‌घाटन हुनु पर्छ

(2) हृदयस्पर्शी र रोचक व्यक्ति र विषय हुनु पर्छ

(3) विषय नभएर व्यक्ति हुनु पर्छ

(4) व्यक्ति नभएर विषय हुनु पर्छ

**126. 'दृष्टान्तको' समानार्थी शब्द कुन हो ?**

(1) निवारण

(2) उद्‌घाटन

(3) उदाहरण

(4) वाक्य वा कथन

**127. 'बनेको' पदमा लागेको प्रत्यय कुन हो ?**

(1) एको

(2) को

(3) ओ

(4) नेको

**128. उपाख्यान भनेको के हो ?**

(1) पुराना समयको बृहत् आकारको उपन्यास

(2) पौराणिक विषयका कथात्मक रचना

(3) लघु आकारका कथात्मक रचना

(4) निबन्ध-प्रबन्धको अपरिहार्य तत्त्व

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 129-135) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।**

सदाचारी मानिस सत्यवादी, धर्मी, निराभिमानी, सन्तोषी र उपकारी हुन्छ । ऊ सर्वदा पराईको कल्याणमा अग्रसर रहन्छ । सदाचारी हुनाको अर्को प्रतिशब्द चरित्रवान् बन्नु हो । चरित्र निर्माणमा सदाचारको प्रमुख स्थान छ । सदाचारी मनुष्य मात्र चरित्रवान् बन्न सक्छ । सदाचारी बन्नका निम्ति शिशुकालदेखि नै हामीले सुव्यवहार, सुबोली, सुकर्म गर्ने बानी गर्नु पर्छ । सानैदेखि असल मानिसहरूको संसर्ग गर्दै जानु पर्छ, उनीहरूको अर्ती-उपदेशको पालन गर्नु पर्छ । असल असल ग्रन्थकारहरूले लेखेका शिक्षाप्रद पुस्तकहरूको अध्ययन र मननबाट पनि सदाचारको पाठ सिक्ने गर्नु पर्छ । कुसङ्गत, कुविचार अनि कुकर्मबाट सधैँ भयभीत भएर टाढा रहनु पर्छ, किनभने जीवनको कुनै पनि क्षेत्रमा कुनै पनि 'कु' ले मानिसको भलो गर्दैन । एउटै 'कु' को पनि प्रवेशले जीवनमा हामीले चाहेको सदाचार हामीलाई प्राप्त हुने छैन । मानिस कहिले काहीँ भुल गर्छ र यो स्वाभाविक हो अनि संयोगवश कुनै कुकार्य भइगएमा पश्चाताप गर्नु पर्छ, फेरि यस्तो भुल कहिल्यै नदोहोऱ्याउने प्रण गर्नु पर्छ ।

**129. भुल भएको खण्डमा तथा कुकार्य हुन गएमा के गर्नु पर्छ ?**

(1) माफी माग्नु र पश्चाताप गर्नु

(2) भुल गर्दिनँ भनी दृढ–सङ्कल्पित हुनु

(3) पश्चाताप गर्नु अनि भुल नदोहोऱ्याउने वाचा गर्नु

(4) भुल हुनु स्वाभाविक हो भनी मानिलिनु

**130. 'कुसङ्गत', 'कुविचार', 'कुकर्म' – यी शब्दहरूमा लागेको 'कु' के हो ?**

(1) उपसर्ग

(2) परसर्ग

(3) धातु

(4) नामयोगी

**131. सदाचारी हुनका निम्ति मानिसले के गर्नु पर्छ ?**

(1) अरूसित हेलमेल बढाउनु पर्छ

(2) अर्ती उपदेश लिने दिने गर्नु पर्छ

(3) पुस्तक पढ्ने बानीको विकास मात्र गरे पुग्छ

(4) आफूमा भएका नराम्रा गुणहरू त्याग्नु पर्छ

**132. 'सदाचारी' र 'चरित्रवान्' प्रतिशब्द हुन् भने यस्ता शब्दलाई के पनि भनेर चिन्न सकिन्छ ?**

(1) विलोम शब्द

(2) पर्यायवाची शब्द

(3) समध्वन्यात्मक शब्द

(4) अनेकार्थी शब्द

**133. सदाचारी बन्ने प्रक्रिया कहिलेबाट सुरु गर्नु असल हो ?**

(1) कुनै पनि समयदेखि

(2) युवावस्थादेखि

(3) शिशु अवस्थादेखि

(4) असल सङ्गत गर्न थालेदेखि

**134. 'निराभिमानी' शब्दको निर्माण कसरी भएको छ ?**

(1) सन्धि भएर

(2) समास भएर

(3) उपसर्ग लागेर

(4) आंशिक द्वित्व भएर

**135. सदाचारी हुनाका निम्ति सहायक कुरा के हुन् ?**

(1) सुसङ्गत अनि उचित सर–सल्लाह

(2) असल सङ्गत अनि शिक्षाप्रद पुस्तक

(3) अर्ती–उपदेश दिनु र बानी

(4) चरित्र निर्माण अनि कुविचारको भय

**निर्देश : उपयुक्त विकल्पको चयन गरी तल भएका प्रश्नहरूको उत्तर दिनु होस् ।**

136. **एउटा अध्याय पढाइसकेपछि शिक्षक आफ्ना विद्यार्थीहरूलाई पाठबाट भिन्न भिन्न संज्ञा (जातिवाचक संज्ञा, व्यक्तिवाचक संज्ञा अनि भाववाचक संज्ञा) खोज्न अनि त्यसलाई दिइएको कोष्ठमा लेख्न लगाउँछिन् । यो के–को उदाहरण हो ?**
    (1) व्याकरणिक नियम कोच्च्याउनु
    (2) व्याकरण सिकाउनु
    (3) व्याकरण अनुवाद पद्धति
    (4) सन्दर्भको व्याकरण

137. **यी मध्ये कुन चाहिं एउटा अर्धचेतन प्रक्रिया हो अनि विद्यार्थीहरूले सम्प्रेषणका लागि यसको प्रयोग गर्न थाल्छन् ?**
    (1) भाषा सिकाइ
    (2) भाषा अधिग्रहण
    (3) दोस्रो भाषा
    (4) भाषिक क्षमता

138. **एकजना शिक्षकका रूपमा विद्यार्थीहरूमा पठनप्रति रुचिको विकास कसरी गर्नु हुन्छ ?**
    (1) उनीहरूलाई पाठ्य पुस्तक मात्र पढ्न लगाएर
    (2) अध्यायको सार कण्ठस्थ गर्न लगाएर
    (3) उनीहरूमा रुचि जगाउने उमेर सुहाउँदो बाल साहित्यको प्रयोग गरेर
    (4) उनीहरूका मातृभाषामा पाठको अनुवाद गरी उनीहरूलाई प्रश्नहरूका उत्तर सिक्न लगाएर

139. **निम्नलिखितमध्ये कुन चाहिँले तपाईँलाई विद्यार्थीहरूका भाषा सिकाइको स्तर जाँच्न सहयोग गर्छ ?**
    (1) नानीहरूलाई हाउभावसहित कण्ठस्थ गरेका कुनै कविता आवृत्ति गर्न लाउनु
    (2) अध्यायलाई उनीहरूका मातृभाषामा अनुवाद गर्नु
    (3) उनीहरूलाई आफ्ना विचारहरू स्वतन्त्रतापूर्वक बाँड्ने अनि आफ्ना कल्पनालाई प्रस्तुत गर्ने अवसर दिनु
    (4) नानीहरूलाई कवितामा भएका काव्यिक उपकरण खोज्न लगाउनु

140. **विषय अनि सन्दर्भको ज्ञानका आधारमा विद्यार्थीहरू सुनेका अनुच्छेदको विशेष अर्थ बुझ्छन् अनि सन्देश निर्माण गर्ने वाक्य, वाक्यांश र शब्दहरू चिन्छन् । सुनेका सन्देशलाई व्याख्या गर्ने यस्तो तरिका के हो ?**
    (1) ऊर्ध्वगामी उपकौशल
    (2) अधोगामी उपकौशल
    (3) पूर्ण भाषा पद्धति
    (4) सङ्घटित पद्धति

**141. विद्यार्थीहरूको भाषिक विकासलाई उन्नत गर्नका लागि फिडब्याक दिन यी मध्ये कुन चाहिँ सर्वाधिक प्रभावशाली तरिका हो ?**

(1) शिक्षकले विद्यार्थीहरूका भुलहरू तत्काल देखाउनु पर्छ

(2) शिक्षकले केवल ती विद्यार्थीहरूको फिडब्याक दिनु पर्छ जसका भाषा प्रयोगमा अत्यधिक समस्या छन्

(3) शिक्षकले त्रुटि विश्लेषण गर्नु पर्छ अनि त्रुटिहरूको सुधार गर्न मातृभाषाको हस्तक्षेपका कारणले भएका त्रुटिहरूको उपेक्षा गर्न कुनै नीतिबारे निर्णय लिनु पर्छ

(4) कक्षामा उनीहरूका त्रुटिलाई देखाइदिएको मन नपराउन सक्छन् भन्ने सोचेर शिक्षकले विद्यार्थीहरूका त्रुटिको उपेक्षा गर्नु पर्छ

**142. पाठ्य पुस्तक बाहिर जानु भन्नाले के बुझिन्छ ?**

(1) पाठ्य पुस्तकको स्तर भन्दा अलि माथिल्लो स्तरमा पढाउनु

(2) पाठ्य पुस्तक बाहेक अतिरिक्त संसाधन उपलब्ध गराउनु

(3) पाठ्य पुस्तक पढाइ सक्नु आवश्यक छैन

(4) पाठ्य पुस्तकको कठिनताको स्तर विद्यार्थीहरूको बुझ्ने स्तर भन्दा पर छ

**143. भाषाबारे एउटा अध्याय पढाउँदै, एकजना शिक्षक विज्ञान र समाज विज्ञानका पाठको प्रयोग गर्छिन्, र भाषाको अध्यायसित सम्बन्धित भएकाले ती विषय पनि विद्यार्थीलाई पढ्न लगाउँछिन् । यस्तो विधिलाई के भनिन्छ ?**

(1) अन्तरविषयक

(2) पाठ्यक्रम बाहिरको भाषा

(3) बहुभाषा शिक्षण

(4) विषय–भाषा शिक्षण

**144. बोल्ने कौशलको उत्तम विकास गर्न विद्यार्थी–हरूलाई कुन कुरामा समर्थ बनाउनु पर्छ ?**

(1) चुनौतीपूर्ण अनि जटिल पाठ पढ्न

(2) शिक्षकले दिएको उच्चारण ढाँचा सुन्न

(3) जीवनका यथार्थ स्थितिमा सम्प्रेषण गर्न

(4) बोल्दा सबै भुलहरूबाट वर्जित रहन

**145. व्याकरण सिकाइले विद्यार्थीहरूलाई कुन कुराको सुधार गर्न सहयोग गर्छ ?**

(1) साक्षरता

(2) स्पष्टता

(3) धाराप्रवाहिता

(4) शब्दावली

**146. भाषा शिक्षक विद्यार्थीहरूलाई पानी परेको दिनबारे उनीहरूका अनुभव आफ्नो छेउमा बसेका साथीलाई सुनाउन लगाउँछिन् । यस किसिमको अभ्यासले के गर्छ ?**

(1) उनीहरूले अनुभव सुनाइरहेका बेला कक्षा कोलाहलपूर्ण हुन्छ

(2) उनीहरूमा विचारको मौखिक प्रस्तुतिको वृद्धि गर्छ

(3) कक्षामा अनुशासनहीनताको सिर्जना गर्छ

(4) पाठ्य पुस्तक पढ्ने दिक्दारीलाई भङ्ग गर्छ

**147. लेखनको प्रक्रिया पद्धतिमा संलग्न रहन्छ –**

(क) सम्पादन

(ख) मथिङ्गल मन्थन

(ग) संशोधन

(घ) खेस्रा

(1) क, ख, ग, घ

(2) ख, ग, क, घ

(3) क, घ, ग, ख

(4) ख, घ, ग, क

**148. भाषा शिक्षक विद्यार्थीहरूलाई आफ्ना पाँचवटा सर्वोत्कृष्ट चिजहरू पोर्टफोलियोमा राख्न अनि अरूका चिजहरू हटाउन लाउँछिन् । त्यसपछि उनी विद्यार्थीहरूलाई ती पाँचवटा चिजहरूको चुनाउबारे प्रकाश पार्न लाउँछिन् । यो प्रकाशन हो –**

(1) समकक्षी मूल्याङ्कन

(2) स्वमूल्याङ्कन

(3) शिक्षकको मूल्याङ्कन

(4) सारगर्भित मूल्याङ्कन

**149. प्राथमिक स्तरमा भाषा सिक्नलाई निम्नलिखित संसाधनमध्ये कुन चाहिँ सर्वाधिक महत्त्वपूर्ण छ ?**

(1) बाल साहित्य

(2) खबर कागत

(3) कम्प्युटर

(4) रेलिया

**150. विद्यार्थीहरू माझ मौखिक कौशलको विकास गर्न यी मध्ये कुन चाहिँ कार्य कम महत्त्वपूर्ण रहन्छ ?**

(1) कुनै वस्तुको विवरण

(2) उनीहरूका आफ्नै शब्दमा कथा भन्नु

(3) शिक्षकका पछि पछि कथा दोहोऱ्याउनु

(4) कुनै घटनाको विवरण

**SPACE FOR ROUGH WORK**

## SPACE FOR ROUGH WORK

**तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनुपर्ने हो भन्नेबारे उत्तर-पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नुहोस् ।
2. OMR को दोस्रोपातोमा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई निलो/कालो बलपेनले कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।
3. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने ।
4. परीक्षा पुस्तिकालाई विशेषरूपले ध्यान दिनु । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।
5. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।
6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस् ।
7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामाग्री आदि ल्याउन पाउने छैनन् ।
8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन । यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिनेछ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ ।
9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।
10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।
11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्नु अघि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ ।
12. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।
13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरीकाले नियम उलङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।
14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।
15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोडन पाइने छ । परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।**

**निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :**

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें ।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **काले/नीले बॉल पॉइन्ट पेन** से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
5. परीक्षा पुस्तिका / उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाज़िरी-पत्र में लिखें ।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी । इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए ।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्वीच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए । इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और उनके विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित ।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं हाज़िरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार हाज़िरी-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा । **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान हाज़िरी-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ ।**
12. इलेक्ट्रॉनिक / हस्तचालित परिकलक का उपयोग वर्जित है ।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा ।
14. किसी हालत में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल / कक्ष छोड़ने से पूर्व उत्तर पत्र कक्ष-निरीक्षक को अवश्य सौंप दें । परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।**

**READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY:**

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Black/Blue Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet / Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/ room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/ rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against them including cancellation of examination.
9. Each candidate must show on demand his / her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his / her seat.
11. The candidates should not leave the Examination Hall/ Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic / Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall / Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***